# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०७।१६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०७।१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | मोहनप्रसाद आचार्य, जानुका श्रेष्ठ र पवन श्रेष्ठ (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००६७ र फैसला मिति २०७९/१२/३०) | सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको। | **प्रतिवादी मोहनप्रसाद आचार्यको हकमाः** जिल्ला खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) मा आर्थिक वर्ष २०७४/०७५ को पहिलो चौमासिक किस्तामा उक्त वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जम्मा ९ जनाको नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी/गराई लाभग्राही नै नहुँदा समेत निजहरुको नाम देखाई खर्च लेखिएको जम्मा रु. ५५,२००।– (अक्षरुपी पचपन्न हजार दुई सय रुपैयाँ) हिनामिना गरी तत्कालीन वडा सचिव प्रतिवादी मोहनप्रसाद आचार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्तिको हानिनोक्सानीको कसुर गरेको पुष्टी भएको देखिएकोले निज प्रतिवादी उपर बिगो रु. ५५,२००।– (अक्षरुपी पचपन्न हजार दुई सय | <u>फैसलाः</u> वादी दावी नपुग्ने।<br><u>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**</u><br>**(क)** प्रस्तुत मुद्दामा प्रतिवादी मोहनप्रसाद आचार्यले मौकामा र अदालतमा बयान गर्दा मैले सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन भनी कसुरमा इन्कार रहेको देखिएको र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको मिति २०७५/१२/२३ को पत्रबाट प्रतिवादी मोहनप्रसाद आचार्यको आ.व. २०७४/०७५ को पहिलो किस्ता सामाजिक परिचालक श्री देविका बस्नेत मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको देखिएको र प्रतिवादी मोहनप्रसाद आचार्यको कार्यकालमा महालेखा परीक्षकको कार्यालयबाट निजको नाममा बेरुजु समेत नभएको देखिएको अवस्थामा प्रतिवादी मोहनप्रसाद आचार्यले सरकारी रकम हिनामिना गरेको भनी भन्न मिल्ने नदेखिएको। | **सम्मानित विशेष अदालतबाट प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने ठहरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट त्रुटिपूर्ण रहेको छः**<br>**(क)** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. १९९१ मिति २०७८/१२/३० को पत्रबाट आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको वडा नं. ४ को वडा कार्यालयमा तीन जना वडा सचिवहरु/प्रतिवादीहरु मोहन प्रसाद आचार्य, जानुका श्रेष्ठ र पवन श्रेष्ठले सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएको। त्यसमध्ये आ.व. २०७४/०७५ को पहिलो किस्ता प्रतिवादी मोहन प्रसाद आचार्यले तयार गरेको, आ.व. २०७४/०७५ को दोश्रो किस्तादेखि आ.व. २०७५/०७६ को दोश्रो किस्तासम्मका ४ वटा किस्ता प्रतिवादी जानुका श्रेष्ठले र आ.व. २०७५/०७६ को तेश्रो किस्ता प्रतिवादी पवन श्रेष्ठले तयार गरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको।<br>**(ख)** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ९ बमोजिम भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी राख्नु पर्ने; दफा ११ बमोजिम भत्ता नपाउने लाभग्राहीहरुको लगत कट्टा गरिएको स्पष्ट जनाई सम्बन्धित गा.वि.स. नगरपालिकाका जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नु पर्ने; दफा २२ बमोजिम बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने र दफा ३१ बमोजिम नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण र मृत्यु र बसाइँसराईको लगत कट्टा/थप विषयहरु सार्वजनिक गर्नुपर्ने प्रावधानहरु रहेको पाइन्छ। सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिम भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने; दफा १२ बमोजिम भत्ता पाउने अयोग्य भएका व्यक्तिहरुको लगत कट्टा गरिएको स्पष्ट जनाई सम्बन्धित वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने; दफा २२ बमोजिम बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, नगदै वितरण गर्नु परेमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिनुपर्ने र दफा ३५ बमोजिम सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा वडा सचिवले सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधानहरु रहेको पाइन्छ। प्रस्तुत मुद्दामा जिल्ला खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको वडा नं. ४ को वडा कार्यालयमा तीन जना वडा सचिवहरु/प्रतिवादीहरु मोहन प्रसाद आचार्य, जानुका श्रेष्ठ र पवन श्रेष्ठले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ बमोजिम र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको नदेखिएको।<br>**(ग)** मिसिल संलग्न उजुरी निवेदन, डिल्लीराम खतिवडाको घटना विवरण कागज, सामाजिक सुरक्षा भत्ता वितरण गरेको भरपाई, स्थलगत सर्जमिन मुचुल्का तथा प्रतिवादीहरुको बयान समेतका आधार प्रमाणहरुबाट जिल्ला खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) को आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरिएकोमा दोहोरो, मानिस नै नभएको, मृत्यु भैसकेको, अभिलेख नै नभएको व्यक्ति तथा बसाइँसराई अन्यत्र गई अन्यत्रबाट सामाजिक |

रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना गरेको सामाजिक सुरक्षा भत्ता रु. ५५,२००।– (अक्षरुपी पचपन्न हजार दुई सय रुपैयाँ) निजबाट असुल उपर हुन मागदावी लिइएको।

**प्रतिवादी जानुका श्रेष्ठको हकमाः**

जिल्ला खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) मा आर्थिक वर्ष २०७४/०७५ को दोस्रो किस्तादेखि आर्थिक वर्ष २०७५/०७६ को दोस्रो किस्तासम्म उक्त वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जम्मा ३० जनाको नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी/गराई लाभग्राही नै नहुँदा समेत निजहरुको नाम देखाई खर्च लेखिएको

**(ख)** प्रतिवादीहरु जानुका श्रेष्ठ र पवन श्रेष्ठले मौकामा र अदालतमा बयान गर्दा स्थानीय जनप्रतिनिधिहरुको रोहबरमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको र दोहोरो परेको, मृत्यु भएका तथा बसाइँसराई गरी गएका लाभग्राहीहरुको भूलवश भुक्तानी हुन गएको रकम महालेखा परीक्षकको कार्यालयले बेरुजु कायम गरिदिएकोले उक्त रकम फिर्ता गरिसकेको हुँदा सफाई पाउनु पर्ने भनी जिकिर लिएको देखिन्छ। प्रतिवादीहरुको कार्यकाल आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ को महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण भएको तथ्य आरोपदावीमा नै उल्लेख भएको। प्रतिवादी जानुका श्रेष्ठको नाममा कायम बेरुजु रु. ६०,०००।— र प्रतिवादी पवन श्रेष्ठको नाममा कायम बेरुजु रु. १९,२००।— दाखिला गरेको भौचर मौकामा बयान गर्दा नै पेश गरिसकेको देखिँदा यी प्रतिवादीहरुले तत्कालीन समयमा सरकारी रकम हिनामिना गरेको भनी भन्न सकिने अवस्था नदेखिएको।

सुरक्षा भत्ता लिने गरेका निम्न लिखित लाभग्राहीहरुलाई समेत प्रतिवादीहरु मोहनप्रसाद आचार्य, जानुका श्रेष्ठ र पवन श्रेष्ठले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिहरुका प्रावधान अनुरुप नगरी नगराई बदनियत गरी आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि भएको।

| **क्र.सं.** | **लाभग्राहीहरुको नाम** | **सामाजिक सुरक्षा भत्ताको प्रकार** | **कैफियत** |
|---|---|---|---|
| १. | नारद प्रसाद खतिवडा | जेष्ठ नागरिक (अन्य) | जिल्ला मोरङ, इन्द्रपुर गा.वि.स. को दर्ता नं. २८८ मिति २०६५/१२/०७ गतेको बसाइँसराई दर्ताको प्रमाण पत्रबाट र लाभग्राही नारद प्रसाद खतिवडाका छोरा डिल्ली राम खतिवडाले मिति २०७८/१२/२१ गते गरिदिएको कागजबाट लाभग्राही नारद प्रसाद खतिवडा परिवार सहित मिति २०६२/१०/०५ मा मोरङ जिल्लामा बसाइँ सरी आएको र सुन्दरहरैंचा-१०, मोरङबाट सामाजिक सुरक्षा भत्ता लिएको देखिएकोमा जिल्ला मोरङ, सुन्दरहरैंचा नगरपालिका, वडा नं. १० को दर्ता नं. १९८८१२३०१३१६६-२ मिति २०७५/०५/१७ गतेको मृत्यु दर्ताको प्रमाणपत्रबाट निज लाभग्राहीको मिति २०७५/०५/०३ मा निधन भैसकेको देखिए तापनि निज लाभग्राहीको नाममा आ.व. २०७४/०७५ को तीनवटै किस्ता वितरणको भरपाईको क्रमशः सि.नं. ३२, सि.नं. १७७ र सि.नं. ८६ मा ल्याप्चे नै लगाई रु. ८,००० का दरले जम्मा रु. २४,०००।- भुक्तानी दिएको देखाई खर्च लेखिएको देखिएको। निज लाभग्राहीको छोरा डिल्ली राम खतिवडाले मिति २०७८/१२/२१ गते गरिदिएको कागजबाट मिति २०७१ साल बैशाखदेखि खोटाङ जिल्लाबाट बुवाको नामको सामाजिक सुरक्षा भत्ता परिवारको कुनै सदस्यले नलिएको भनी खुलिआएको र सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र समेत गरिदिएको। |
| २. | रत्न कुमारी अधिकारी | जेष्ठ नागरिक (अन्य) | जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं. २८६६ मिति २०७७/१२/२१ गतेको पत्रसाथ प्राप्त सक्कलै सर्जमिन मुचुल्काबाट लाभग्राही रत्न कुमारी अधिकारीलाई कसैले नचिनेको, निजको बारेमा केही थाहा नभएको भन्ने व्यहोरा खुल्न आएकोले मानिस नै नभएको अवस्था देखिएकोमा निजको |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा रु. १,७७,६००।– (अक्षरुपी एक लाख सतहत्तर हजार छ सय रुपैयाँ) हिनामिना गरी तत्कालीन वडा सचिव प्रतिवादी जानुका श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्तिको हानिनोक्सानीको कसुर गरेको पुष्टी भएको देखिएकोले निज प्रतिवादी उपर बिगो रु. १,७७,६००।– (अक्षरुपी एक लाख सतहत्तर हजार छ सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना गरेको सामाजिक सुरक्षा भत्ता रु. १,७७,६००।– (अक्षरुपी एक लाख सतहत्तर हजार छ सय रुपैयाँ) निजबाट असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>**प्रतिवादी पवन श्रेष्ठको हकमाः**<br>जिल्ला खोटाङ, दिक्तेल | **(ग)** वडाको भनाई अनुसार वडाअध्यक्ष, कर्मचारीहरुको उपस्थितिमा वडा कार्यालयमा सम्बन्धित व्यक्तिलाई नै ल्याप्चे लगाई समाजिक सुरक्षा भत्ता वितरण गर्ने गरेको; मृत्यु भएका र बसाईँसराई गरी गएका लगतमा कट्टा भएका व्यक्तिको नाम भरपाईमा नभएको र भत्ता दिएको नदेखिएको समेत व्यहोरा उल्लेख भएको उपसचिव कृष्णराज राई संयोजक रहेको स्थलगत प्रतिवेदन र उक्त प्रतिवेदनको व्यहोरालाई पुष्टि हुने गरी गरिदिएको बकपत्र, बुवा नारदप्रसाद खतिवडाको मृत्यु मिति २०७५/०५/०३ मा भएको सूचना दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, वडा नं .४ मा दिएको छैन भनी मौकामा कागज गर्ने डिल्लीराम खतिवडाले गरिदिएको बकपत्र, सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियामा प्रतिवादीहरुले स्थानीय निकायका राजनीतिक दल तथा प्रतिनिधिहरुको रोहबरमा बाँडिने गरिन्छ, गलत मनसायले भत्ता वितरण भएको होइन भनी वडा नं. ४ का तत्कालीन |

| | | | |
|---|---|---|---|
| | | | नाममा ना.प्र.नं. २४७१ बाट आ.व. २०७४/०७५ को तीनवटै किस्ता वितरणको भरपाईको क्रमशः सि.नं. १३८, सि.नं. १६२ र सि.नं. १२९ मा बुझिलिएको भरपाईमा ल्याप्चे नै लगाई रु. ८,०००।- का दरले रु. २४,०००।- भुक्तानी दिएको देखाई खर्च लेखिएको। |
| ३. | बल बहादुर अधिकारी | जेष्ठ नागरिक (अन्य) | जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं. २८६६ मिति २०७७/१२/२१ गतेको पत्रसाथ प्राप्त सक्कलै सर्जमिन मुचुल्काबाट लाभग्राही बल बहादुर अधिकारीलाई कसैले नचिनेको, निजको बारेमा केही थाहा नभएको भन्ने व्यहोरा खुल्न आएकोले मानिस नै नभएको अवस्था देखिएकोमा निजको नाममा ना.प्र.नं. ३९०१ बाट आ.व. २०७४/०७५ को तीनवटै किस्ता वितरणको भरपाईको क्रमशः सि.नं. १४१, सि.नं. १६५ र सि.नं. १४९ मा बुझिलिएको भरपाईमा ल्याप्चे नै लगाई रु. ८,००० का दरले रु. २४,०००।- भुक्तानी दिएको देखाई खर्च लेखिएको। |
| ४. | चन्द्रकला अधिकारी | जेष्ठ नागरिक (अन्य) | जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं. २८६६ मिति २०७७/१२/२१ गतेको पत्रसाथ प्राप्त सक्कलै सर्जमिन मुचुल्काबाट लाभग्राही चन्द्रकला अधिकारीलाई कसैले नचिनेको, निजको बारेमा केही थाहा नभएको भन्ने व्यहोरा खुल्न आएकोले मानिस नै नभएको अवस्था देखिएकोमा निजको नाममा ना.प्र.नं. २६७२ बाट आ.व. २०७४/०७५ को तीनवटै किस्ता वितरणको भरपाईको क्रमशः सि.नं. १३१, सि.नं. १४७ र सि.नं. ३३ मा बुझिलिएको भरपाईमा ल्याप्चे नै लगाई रु. २४,०००।- र आ.व. २०७५/०७६ को पहिलो, दोस्रो र तेस्रो किस्ता वितरणको भरपाईको सि.नं. ३० र सि.नं. ३२ मा समेत ल्याप्चे नै लगाई रु. ८,००० का दरले जम्मा रु. ४०,०००।- भुक्तानी दिएको देखाई खर्च लेखिएको । |
| ५. | गंगामाया राई | विधवा भत्ता | लाभग्राही गंगामाया राईको नाममा जन्म मिति २०१२/०६/१६ र मिति २०१३/०६/१६ ना.प्र.नं. १८५/१८९२ बाट दोहोरो पर्ने गरी एकै व्यक्तिको नामबाट आ.व. २०७४/०७५ को प्रथम किस्ता वितरणको भरपाईको |

| | | | | |
|---|---|---|---|---|
| | | | रुपाकोट मझुवागढी नगरपालिका, वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) मा आर्थिक वर्ष २०७५/०७६ को तेस्रो किस्तामा उक्त वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जम्मा ७ जनाको नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी/गराई लाभग्राही नै नहुँदा समेत निजहरुको नाम देखाई खर्च लेखिएको जम्मा रु. ३५,२००।– (अक्षरुपी पैंतीस हजार दुई सय रुपैयाँ) हिनामिना गरी तत्कालीन वडा सचिव प्रतिवादी पवन श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्तिको हानिनोक्सानीको कसुर गरेको पुष्टी भएको देखिएकोले तत्कालीन वडा सचिव प्रतिवादी पवन श्रेष्ठ उपर बिगो रु. ३५,२००।– (अक्षरुपी पैंतीस हजार दुई सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) | वडाअध्यक्ष डिल्लीकुमार राईले गरिदिएको बकपत्र र मृत्यु भएका लाभग्राहीहरुको समयमा नै मृत्यु दर्ता नगराउँदा, बसाइँसराई गरी गइका लाभग्राहीहरुको लगत कट्टा नगरी दिँदा दोहोरो हुन सक्ने देखिन्छ भनी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, वडा नं .४ का तत्कालीन कार्यालय सहयोगी राजनप्रसाद दुलालले गरिदिएको बकपत्र समेतबाट प्रतिवादीहरुले लाभग्राहीहरुको पहिचान गरी जानीजानी मृत्यु भएको, बसाइँसराई गरी गएका तथा मानिस नै नभएका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरी बदनियतपूर्वक आफूहरुले लाभ लिएको नदेखिएको। |

| | | | |
|---|---|---|---|
| | | | सि.नं. २२७ र सि.नं. २३७ तथा तेस्रो किस्ता वितरणको भरपाईको सि.नं. १२ र सि.नं. १३ र आ.व. २०७५/०७६ को पनि तीनवटै किस्ता वितरणको भरपाईको क्रमशः सि.नं. २१७ र सि.नं. २१८; सि.नं. २१३ र सि.नं. २१४ तथा सि.नं. १० र सि.नं. ११ मार्फत वितरण गरिएको भनी जम्मा रु. ४०,०००।- भुक्तानी दिएको देखाई एउटै लाभग्राहीको नाममा दोहोरो खर्च लेखिएको। |
| ६. | जानुका भट्टराई/ जमुना भट्टराई | विधवा भत्ता | जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं. २८६६ मिति २०७७/१२/२१ गतेको पत्रसाथ प्राप्त सक्कलै सर्जमिन मुचुल्काबाट लाभग्राही जमुना भट्टराई नाम गरेको व्यक्ति हाल जिवितै रहेको, निजको खाल्लेमा नै बसोबास रहेको र निजले वडा नं. ४ बाट बृद्ध भत्ता बुझिरहेको तर लाभग्राही जानुका भट्टराई भन्ने नाम थाहा नभएको भन्ने व्यहोरा खुल्न आएको देखिएकोमा निजहरु जमुना भट्टराई र जानुका भट्टराई दुबैको नाममा एउटै ना.प्र.नं. १२१०३८/३०१ र जन्म मिति २००४/०१/०४ बाट आ.व. २०७४/०७५ को तीनवटै किस्तामा क्रमशः सि.नं. २५१, सि.नं. २५८ र सि.नं. १६ र आ.व. २०७५/०७६ को पनि तीनवटै किस्तामा क्रमशः सि.नं. २२१, सि.नं. २१७ र सि.नं. १५ मा सामाजिक सुरक्षा भत्ता वितरण गरी मानिस नै नभएको जानुका भट्टराईको नामबाट जम्मा रु. ४८,०००।- भुक्तानी दिएको देखाई खर्च लेखिएको। |
| ७. | सिता वि.क. | जेष्ठ नागरिक (दलित) | जिल्ला प्रशासन कार्यलय, खोटाङको च.नं. १६३४ मिति २०७८/११/१५ र च.नं. १७९८ मिति २०७८/१२/१० को पत्रहरुबाट ना.प्र.नं. १२३०३८/३० को व्यक्ति सिता वि.क. नभई दिपक राई र पेशल कुमार बस्नेत भएको खुलेको तर सोही नागरिकता नम्बरबाट सिता वि.क.को नाममा आ.व. २०७४/०७५ मा क्रमशः सि.नं. १९५, सि.नं. २२० र सि.नं. ३० र आ.व. २०७५/०७६ को तीनवटै किस्तामा क्रमशः सि.नं. २०३, सि.नं. १९८ र सि.नं. ३२ मा प्रति किस्ता रु. ८,०००।- का दरले जम्मा रु.४८,०००।- भुक्तानी दिएको देखाई मानिस नै नभएको व्यक्तिको नाममा खर्च लेखिएको। |
| ८. | अनिल नेपाली | बालबालि | दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय, |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बमोजिम सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना गरेको सामाजिक सुरक्षा भत्ता रु. ३५,२००।– (अक्षरुपी पैंतीस हजार दुई सय रुपैयाँ) निजबाट असुल उपर हुन मागदावी लिइएको। | | | | | का (दलित) | खोटाङको च.नं. १७४७ मिति २०७८/१२/०७ तथा ४ नं. वडा कार्यालयको च.नं. ४९० मिति २०७८/१२/०६ को पत्रहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको लाभग्राही अनिल नेपालीको नाममा जन्मदर्ताको अभिलेख फेला नपरेको भनी जन्मदर्ताको अभिलेख भिडाँउदा समेत निजको नाम नदेखिएकोले निज अनिल नेपालीको नाममा आ.व. २०७४/०७५ मा प्रथम किस्ताको सि.नं. ३१५ र आ.व. २०७५/०७६ मा प्रथम किस्ताको सि.नं. २७३ र दोस्रो किस्ताको सि.नं. २६९ मा प्रति किस्ता रु. १,६००।- का दरले जम्मा रु. ४,८००।- भुक्तानी दिएको देखाई मानिस नै नभएको व्यक्तिको नाममा खर्च लेखिएको। | |
| | | | | | | ९. | अनिल लम्साल | बालबालिका (दलित) | दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय, खोटाङको च.नं. १७४७ मिति २०७८/१२/०७ र ४ नं. वडा कार्यालयको च.नं. ४९० मिति २०७८/१२/०६ को पत्रहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको लाभग्राही अनिल लम्सालको नाममा जन्मदर्ताको अभिलेख फेला नपरेको भनी जन्मदर्ताको अभिलेख भिडाँउदा समेत निजको नाम नदेखिएकोले निज अनिल नेपालीको नाममा आ.व. २०७४/०७५ मा प्रथम किस्ताको सि.नं. ३२६ र आ.व. २०७५/०७६ मा प्रथम किस्ताको सि.नं. २७४ र दोस्रो किस्ताको सि.नं. २७० मा प्रति किस्ता रु. १,६००।- का दरले जम्मा रु. ४,८००।- भुक्तानी दिएको देखाई मानिस नै नभएको व्यक्तिको नाममा खर्च लेखिएको। | |
| | | | | | | १०. | हिरा कुमारी दमाई | जेष्ठ नागरिक (दलित) | जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं. २८६६ मिति २०७७/१२/२१ गतेको पत्रसाथ प्राप्त सक्कलै सर्जमिन मुचुल्काबाट लाभग्राही हिरा कुमारी दमाई नाम भएको व्यक्ति हालसम्म जिवित रही वडा नं. ४ खाल्लेबाट बृद्ध भत्ता बुझिरहेको र हाल काठमाण्डौमा बसिरहेको भन्ने व्यहोरा खुल्न आएको देखिएकोमा निजको नाममा ना.प्र.नं. १२/०१/७३ ०३४८३ बाट आ.व. २०७४/०७५ को दोस्रो किस्ताको भरपाई क्रम संख्या १८६ मा रु. ४,०००।- भुक्तानी दिएको देखाई क्रम संख्या १८७ मा समेत सोही नाम र नागरिकता नम्बरबाट रु. ८,०००।- सामाजिक सुरक्षा भत्ता बुझाई दोहोरो खर्च लेखिएकोले रु. ४,०००।- बढी खर्च लेखिएको। | |

| | | | |
|---|---|---|---|
| ११. | दुर्गामाया वि.क. | जेष्ठ नागरिक (दलित) | लाभग्राही दुर्गामाया वि.क.को नाममा जन्म मिति २००९/०८/०३ ना.प्र.नं. १२३०३८/२८८ बाट दोहोरो पर्ने गरी एकै व्यक्तिको नामबाट आ.व. २०७५/०७६ को प्रथम किस्ता वितरणको भरपाईको सि.नं. १८८ मार्फत रु. ४,०००।- र सि.नं. १८९ मार्फत रु. ४,०००।- वितरण गरिएको भनी जम्मा रु. ८,०००।- भुक्तानी दिएको देखाई एउटै लाभग्राहीको नाममा दोहोरो खर्च लेखिएको हुँदा रु. ४,०००।- बढी खर्च लेखिएको। |
| १२. | ओमिसा परियार | दलित बालबालिका | दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय, खोटाङको च.नं. १७४७ मिति २०७८/१२/०७ र ४ नं. वडा कार्यालयको च.नं. ४९० मिति २०७८/१२/०६ को पत्रहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको लाभग्राही ओमिसा परियारको नाममा जन्मदर्ताको अभिलेख फेला नपरेको तर जन्ममिति २०७४/०५/०१ भई बम बहादुर दर्जी बाबुको नाम उल्लेख भएको भन्ने अभिलेख भिडाँउदा देखिएको अवस्थामा एउटै व्यक्ति ओमिसा परियारको नाममा आ.व. २०७५/०७६ मा प्रथम किस्ताको सि.नं. २८६ र सि.नं. २८७, दोस्रो किस्ताको सि.नं. २८२ र सि.नं. २८३ र तेस्रो किस्ताको सि.नं. १८ र सि.नं. १९ मा प्रति किस्ता रु. १,६००।- का दरले दोहोरो भुक्तानी गरी एउटै व्यक्तिको नाममा जम्मा रु. ४,८००।- बढी भुक्तानी दिएको। |
| १३. | बिपिन गदाल | दलित बालबालिका | दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय, खोटाङको च.नं. १७४७ मिति २०७८/१२/०७ र ४ नं. वडा कार्यालयको च.नं. ४९० मिति २०७८/१२/०६ को पत्रहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको लाभग्राही बिपिन गदालको नाममा जन्मदर्ताको अभिलेखमा अभिभावकको नाम रिता/मेखराज उल्लेख भई आएको तर निज बिपिन गदालको नाममा जन्म मिति फरक पारी संरक्षकको नाम एउटामा रिता गदाल र अर्कोमा मेखराज गदाल उल्लेख गरी दुईवटा बिपिन गदाल देखाई एउटै दलित बालबालिकाको नामबाट दोहोरो पर्ने गरी आ.व. २०७५/०७६ मा तेस्रो किस्ताको सि.नं. ५३ र सि.नं. ५४ मा रु. १,६००।- का दरले जम्मा रु. ३,२००।- भुक्तानी दिएको देखाई रु. १,६००।- बढी खर्च लेखिएको। |

| | | | |
|---|---|---|---|
| १४. | डाँगी सार्की | विधवा भत्ता | जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं. २८६६ मिति २०७७/१२/२१ गतेको पत्रसाथ प्राप्त सक्कलै सर्जमिन मुचुल्काबाट उल्लिखित नाम भएको व्यक्तिलाई कोही कसैले नचिनेको, थाहा नपाएको भनी खुलिआएकोले लाभग्राही डाँगी सार्कीको नाममा जन्म मिति २०१५/०८/०७ र ना.प्र.नं. १९३१ बाट दोहोरो पर्ने गरी एकै व्यक्तिको नामबाट आ.व. २०७५/०७६ को तेस्रो किस्ताको सि.नं. २० र सि.नं. २१ दुबैमा रु. ८,०००।- खर्च लेखिएको। |
| १५. | सावित्रा देवी घिमिरे | जेष्ठ नागरिक (अन्य) | जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं. २८६६ मिति २०७७/१२/२१ गतेको पत्रसाथ प्राप्त सक्कलै सर्जमिन मुचुल्काबाट सावित्रा देवी घिमिरे नाम भएको व्यक्तिको ३/४ वर्ष अगाडि मृत्यु भई सकेको, मृत्यु भएको मिति खुल्न नआएको, वडा कार्यालयमा कुनै रेकर्ड नरहेको भन्ने व्यहोरा खुल्न आएकोले निज सावित्रा देवी घिमिरेको नाममा ना.प्र.नं. २३५४, जन्म मिति १९७७/०२/१४ उल्लेख गरी वडा नं. ४ बाट आ.व. २०७५/०७६ को तेस्रो किस्ता वितरणको भरपाईको क्रम संख्या १५५ मा ल्याप्चे नै लगाई रु. ८,०००।- भुक्तानी दिएको देखाई खर्च लेखिएको। |

**(घ)** यसै सन्दर्भमा, भ्रष्टाचार जस्तो फौजदारी कसूरमा बदनियत तत्व कसूरदारले गरेको कार्यबाट नै पहिचान हुने हो। सम्मानित सर्वोच्च अदालतबाट *"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ। प्रस्तुत सन्दर्भमा प्रतिवादीहरुको क्रियातत्व हेर्दा मासी खाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट काम कारवाही भएको देखिन्छ। यस्तो कार्य भ्रष्टाचारजन्य कसूरअन्तर्गत पर्ने।"*[1] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरुले आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा मृत्यु भैसकेका, बसाँई सराई लिई अन्यत्रै गैसकेका, मानिस नै नभएका, जन्मदर्ता अभिलेख नै नभएका दलित बालवालिकाहरु लगायत एउटै नाममा दोहोरो पर्ने गरी, अभिलेख रुजु नगरी नगराई, लाभग्राहीहरुको लगत कट्टा गर्नु पर्नेमा सो नगरी, नामावली रुजु नगरी नगराई नियमित रुपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएको भनी स्रेस्तामा खर्च देखाई प्रतिवादी मोहनप्रसाद आचार्यले रु. ५५,२००।— (अक्षरुपी पचपन्न हजार दुई सय रुपैयाँ), प्रतिवादी जानुका श्रेष्ठले १,७७,६००।— (अक्षरुपी एक लाख सत्हत्तर हजार छ सय रुपैयाँ) र प्रतिवादी पवन श्रेष्ठले रु. ३५,२००।— (अक्षरुपी पैंतिस हजार दुई सय रुपैयाँ) सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको कसुर पुष्टि भएको छ।

[1] *सार्जन पाण्डे समेत वि,नेपाल सरकार .* मुद्दाः भ्रष्टाचार ,सर्वोच्च अदालत बुलेटिन) २०६६ मङ्सिर, वर्ष १८, अंक १५४१७ पूर्णाङ्क ,, पृष्ठ १९ (

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरुले दोहोरो, मानिस नै नभएको, मृत्यु भैसकेको, अभिलेख नै नभएको व्यक्ति तथा बसाइँसराई अन्यत्र गई अन्यत्रबाट सामाजिक सुरक्षा भत्ता लिने गरेका लाभग्राहीहरुलाई समेत बदनियत गरी आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि भएको देखिँदा सम्मानित विशेष अदालतबाट प्रतिवादीहरु मोहन प्रसाद आचार्य, जानुका श्रेष्ठ र पवन श्रेष्ठले आरोपित कसुरबाट सफाई पाउने ठहरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको। |